पूर्वाञ्चल विश्वविद्यालय

**परीक्षा व्यवस्थापन कार्यालय**

विराटनगर

# रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका

(१) (क) यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज अन्तर्गत सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार स्नातक, स्नातकोत्तर, एम.फिल. एवं पीएच.डी. तहका विभिन्न शैक्षिक कार्यक्रम(हरू)मा प्रथम सेमेस्टर/वर्षमा नियमानुसार सम्पूर्ण प्रक्रिया पूरा गरी नयाँ भर्ना हुन चाहने विद्यार्थी(हरू)को नाम-दर्ता (Registration) का लागि सम्बन्धित विद्यार्थी(हरू)बाट तोकिएको रजिस्ट्रेशन फर्ममा मागिए जति आवश्यक सम्पूर्ण विवरण स्पष्ट अक्षरमा भरी भराइ क्याम्पस/कलेजबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य आधिकारिक निकायबाट प्रमाणित अघिल्ला तहका तोकिएका शैक्षिक तथा आवश्यक अन्य सम्पूर्ण सक्कल तथा प्रतिलिपि प्रमाणपत्रहरू संलग्न गरी नियमानुसार जम्मा हुन आएको शुल्कको सक्कल बैंक भौचरसाथ रजिस्ट्रेशन फर्म(हरू) यस कार्यालयबाट अनलाइन सूचना मार्फत् तोकिएको मिति भित्र वा यस विश्वविद्यालयबाट अधिकार प्राप्त अन्य निकायबाट तोकिएको मिति भित्र सम्बन्धित क्याम्पस/कलेजका आधिकारिक प्रतिनिधि स्वयं यस कार्यालयमा आई बुझाउनु पर्नेछ ।

सो बाहेक अन्य कुनै पनि स्रोतबाट प्राप्त रजिस्ट्रेशन फर्म(हरू) स्वीकार गरिने छैन ।

तर आवश्यकता अनुसार छुट्टै सूचनाद्वारा रजिस्ट्रेशन फर्म बुझाउने स्थान तथा स्रोत तोक्न सकिनेछ ।

साथै, यस कार्यालयद्वारा तोकिएको Online website: mycollege.midas.com.np मार्फत क्याम्पस/कलेजलाई उपलब्ध गराइएको User Name तथा Password बाट Login गरी भर्ना हुन आएका सम्पूर्ण विद्यार्थी(हरू)को नाम तथा तोकिएका आवश्यक सम्पूर्ण विवरणहरू अनलाइन सूचना मार्फत् तोकिएको मितिभित्र भर्नु भराउनु समेत पर्नेछ ।

Online मार्फत नाम तथा विवरण नभरेका विद्यार्थी(हरू)को रजिस्ट्रेशन फर्म स्वीकार गरिने छैन तथा Online मार्फत नाम तथा विवरण भरेका तर तोकिएका आवश्यक प्रमाणपत्र सहित रजिस्ट्रेशन फर्म प्राप्त नभएका विद्यार्थीहरू समेत नाम-दर्ता (Registration) का लागि योग्य हुने छैनन् ।

(ख) तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थी(हरू)लाई नियमानुसार लाग्ने शुल्कको दोब्बर विलम्ब शुल्क सहित उपरोक्त (१) (क) अनुसार यस कार्यालयबाट अनलाइन सूचना मार्फत् तोकिएको मितिबाट वा यस विश्वविद्यालयबाट अधिकार प्राप्त अन्य निकायबाट तोकिएको मितिबाट ७ (सात) दिन भित्र रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको बैंक भौचरसाथ उक्त रजिस्ट्रेशन फर्म(हरू) सम्बन्धित क्याम्पस/कलेजका आधिकारिक प्रतिनिधि यस कार्यालयमा वा तोकिएको स्थानमा आई बुझाउनु पर्नेछ ।

पुनश्चः माथि नं. (१) को (क) तथा (ख) अनुसार यस कार्यालयमा बुझाइएका रजिस्ट्रेशन फर्म(हरू) मार्फत् अध्ययनार्थ भर्ना हुन चाहने विद्यार्थी(हरू)का सन्दर्भमा यसै निर्देशिकाको नं. (१) को (ग), (घ), (ङ) तथा नं. (४) अनुसार संलग्न शैक्षिक प्रमाणपत्रहरू लगायत अन्य कुनै कारणले पछि कुनै विद्यार्थी नाम-दर्ता (Registration) का निमित्त अयोग्य ठहरिए सो सम्बन्धमा विश्वविद्यालय उत्तरदायी हुने छैन ।

(ग) पूर्वाञ्चल विश्वविद्यालयबाट एक शैक्षिक सत्रमा अधिकतम विद्यार्थी भर्ना संख्या (Quota) तोकिएको भएमा सोही भर्ना संख्याको आधारमा मात्र रजिस्ट्रेशन फर्महरू (अनलाइन समेतमा) स्वीकार गरिनेछ ।

(घ) पू.वि., प्राज्ञिक परिषद्को निर्णय अनुसार पूर्व शैक्षिक योग्यता पुगेका विद्यार्थीहरूको मात्र रजिस्ट्रेशन फर्म भरी भराइ बुझाउनु पर्नेछ । भर्ना गरिएका विद्यार्थी(हरू)को शैक्षिक योग्यता लगायत उत्तीर्ण श्रेणी/प्रतिशत आदि जुनसुकै समयमा झुठा ठहरे निजको भर्ना रद्द गरिनेछ ।

(ङ) विज्ञान तथा प्रविधि, ईन्जिनीयरिङ्ग र चिकित्साशास्त्र संकायका विद्यार्थीहरूको सन्दर्भमा यस विश्वविद्यालय वा नेपाल सरकारबाट तोकिएको आधिकारिक निकायबाट लिइने प्रवेश परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूको मात्र नाम-दर्ता (Registration) गरिनेछ । अतः रजिस्ट्रेशन फर्म तथा Online समेतमा प्रवेश परीक्षा रोल नं., प्रवेश परीक्षा मिति तथा प्रवेश परीक्षा आवेदन फर्म बुझाएको क्याम्पस वा निकाय अनिवार्य उल्लेख गर्नु गराउनु पर्नेछ ।

<u>नोटः</u>- कुनै एक शैक्षिक कार्यक्रममा प्रवेश परीक्षा उत्तीर्ण गरी अर्को शैक्षिक कार्यक्रममा भर्ना हुन चाहेमा (प्रवेश परीक्षाको पाठ्यक्रम एउटै भएको अर्को शैक्षिक कार्यक्रममा परिवर्तन गर्न मिल्ने अवस्थामा मात्र) सम्बन्धित पाठ्यक्रममा व्यवस्था भएको अवस्थामा सम्बन्धित क्याम्पसको सिफारिश लिई पू.वि., परीक्षा व्यवस्थापन कार्यालयमा रू. ३०००/- शुल्क बुझाउनु पर्नेछ ।

*(पू.वि., कार्यकारी परिषदको मिति २०७७/०३/२५ को निर्णय नं. ५१०० को सि.नं. ७० अनुसार)*

(च) अंग्रेजी वर्णानुक्रम (English Spelling) अनुसार मिलाइएको विद्यार्थीहरूको नामावलीमा रजिस्ट्रेशन फर्मसँग संलग्न प्रमाणपत्रहरूको सूची तयार गरी सोही वर्णानुक्रममा रजिस्ट्रेशन फर्महरू फायलिङ्ग गरी क्याम्पस/कलेजको पत्रसाथ यसै निर्देशिकाको नं. (१) को (ज) मा उल्लेखित नियमानुसारको रजिस्ट्रेशन शुल्क तथा नं. (६) मा उल्लेखित प्रवेश फारम बापतको सक्कल बैंक भौचर समेत यस कार्यालयमा बुझाउनु पर्नेछ ।

(छ) रजिस्ट्रेशन फर्ममा हालसालै खिंचिएको पासपोर्ट साइजको १ (एक) प्रति दुबै कान देखिने फोटो टाँसी सम्बन्धित क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फर्ममा पर्ने गरी सही छाप गर्नु पर्नेछ । अर्को १ (एक) प्रति फोटोको पछाडि स्पष्ट अक्षरमा सम्बन्धित विद्यार्थीको नाम लेखी फर्मसँगै संलग्न गरी बुझाउनु पर्नेछ ।

(ज) नियमानुसार रजिस्ट्रेशन शुल्क तथा प्रवेश फारम बापत जम्मा हुने रकम यस कार्यालयको नबिल बैंक लि., विराटनगर शाखाको **CALL A/C 00710017518402** मा जम्मा गरेको सक्कल बैंक भौचर रजिस्ट्रेशन फर्मसाथ यस कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) <u>नाम-दर्ता (Registration) मा कायम गरिने विद्यार्थीको नामको अंग्रेजी वर्णानुक्रम (English Spelling) सम्बन्धीः</u>

(क) अनलाइन प्रणाली अनुसार विद्यार्थीको नाम प्रविष्टि (Entry) सम्बन्धित क्याम्पस/कलेज मार्फत हुने भएकोले रजिस्ट्रेशन फर्म (अनलाइन समेतमा) भर्दा भराउँदा एस.एल.सी./एस.ई.ई. वा सो सरहको प्रमाणपत्र अनुसार विद्यार्थीको नाम/थर, जन्म मिति, बाबुको नाम/थर आदिको अंग्रेजी वर्णानुक्रम अक्षरशः फरक नपर्ने गरी भर्नु भराउनु पर्नेछ ।

तर अघिल्ला विभिन्न तहका शैक्षिक प्रमाणपत्रहरूमा विद्यार्थीको नामको अंग्रेजी वर्णानुक्रम भिन्न-भिन्न भएमा एस.एल.सी./एस.ई.ई. वा सो सरहको प्रमाणपत्र (नियमित मार्कशीट)को आधारमा विद्यार्थीको नाम प्रविष्टि (Entry) गर्नु पर्नेछ ।

यसरी एस.एल.सी./एस.ई.ई. वा सो सरहको प्रमाणपत्र (नियमित मार्कशीट)को आधारमा विद्यार्थीको नाम प्रविष्टि (Entry) गरिएको नभएमा तोकिएको समय भित्र (प्रथम सेमेस्टर/वर्षका ग्रेडशीट वा मार्कशीट प्राप्त भएको मितिले बढीमा ६० दिन भित्र कलेजको सिफारिश-पत्रसाथ) संशोधन (Correction) का लागि आएमा एस.एल.सी./एस.ई.ई. वा सो सरहको प्रमाणपत्र (नियमित मार्कशीट)को आधारमा विद्यार्थीको नाम/थर, जन्म मिति संशोधन (Correction) गरिनेछ।

<u>पुनश्चः</u>- विद्यार्थीका अघिल्ला तहका सम्पूर्ण प्रमाणपत्रहरूमा निजको नामको वर्णानुक्रम (Spelling) मा एकरूपता भएता पनि क्याम्पस/कलेज मार्फत् अनलाइनमा नाम प्रविष्टि (Entry) गर्ने क्रममा अन्यथा भएको भए सो त्रुटि संशोधन (Correction) का लागि प्रथम सेमेस्टर/वर्षका ग्रेडशीट वा मार्कशीट प्राप्त भएको मितिले बढीमा ६० दिन भित्र कलेजको सिफारिश-पत्रसाथ आएमा निजको नाम संशोधन (Correction) गरिनेछ। उक्त संशोधन बापत शुल्क बुझाउनु पर्ने छैन।

(ख) यस विश्वविद्यालयबाट प्राप्त प्रमाणपत्रहरूमा विद्यार्थीको नाम संशोधन (Correction) गर्नु पर्ने भएमा अघिल्ला तहका सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरू सम्बन्धित विश्वविद्यालय वा बोर्ड वा संस्थाबाट सच्च्याई पेश गरे पछि मात्र नियमानुसार तोकिएको शुल्क लिई संशोधन (Correction) गरिनेछ।

(ग) यस विश्वविद्यालयमा नाम-दर्ता (Registration) भए पछि विवाह भएका महिला विद्यार्थीको थर परिवर्तन (Change), थप्नु वा हटाउनु पर्ने भएमा नेपाल सरकारबाट मान्यता प्राप्त आधिकारिक निकायबाट जारी गरिएको विवाह-दर्ताको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

<u>नोटः</u>- यस विश्वविद्यालयमा नाम-दर्ता (Registration) हुनु पूर्व विवाह भइसकेका महिला विद्यार्थीको संशोधित (Corrected) थरबाटै नाम-दर्ता (Registration) गर्नु पर्ने भएमा सम्बन्धित विद्यार्थीको निवेदन तथा कलेजको सिफारिश पत्रसाथ रजिस्ट्रेशन फर्म समेतमा इच्छाइएको थर लेखी रजिस्ट्रेशन फर्मसाथ विवाह-दर्ताको प्रमाणपत्र संलग्न गर्नु पर्नेछ। तर यसरी संशोधित (Corrected) नामबाटै नाम-दर्ता (Registration) गरे बापत नाम संशोधन शुल्क लाग्ने छैन।

(घ) नाम/थर परिवर्तन (Change) गर्नु परेमा सो परिवर्तन गर्दा पूरा गरेका सम्पूर्ण कानुनी प्रक्रियाहरूका प्रमाणपत्रहरू निवेदन साथ प्रस्तुत गर्नु पर्नेछ।

(ङ) <u>नाम संशोधन गरे बापत निम्नानुसारको शुल्क बुझाउनु पर्नेछः</u>-

*(पू.वि. कार्यकारी परिषदको मिति २०७७/३/२५ को निर्णय नं. ५१०० को सि.नं. ५६, ७४, ७५, ७६ तथा ७७ अनुसार संशोधित)*

(१) विश्वविद्यालयबाट जारी हुने कुनै प्रमाणपत्र(हरू) प्राप्त गर्नु पूर्व नाम, थर, जन्म मिति संशोधन गरेकोमा रू. १०००/- लाग्नेछ।

(२) विश्वविद्यालयबाट जारी हुने कुनै प्रमाणपत्र(हरू) प्राप्त गरे पछि नाम, थर, जन्म मिति संशोधन गरेकोमा प्रत्येक प्रमाणपत्रको नियमित शुल्क अनुसारको शुल्क समेत लाग्नेछ। साथै, नाम संशोधनका लागि निवेदन दिंदा विद्यार्थीले प्राप्त गरेका प्रमाणपत्र(हरू) सक्कलै यस कार्यालयमा बुझाउनु पर्नेछ।

<u>नोटः</u>- यस विश्वविद्यालयबाट जारी हुने ट्रान्स्क्रिप्ट, प्रोभिजनल तथा माइग्रेसन प्रमाणपत्र बापत माथि (२) अनुसार तथा प्रत्येक ग्रेडशीट वा मार्कशीट बापत रू. २००/- शुल्क लाग्नेछ।

(३) (क) यस विश्वविद्यालयमा नाम-दर्ता (Registration) भई Migration Certificate लिइसकेका विद्यार्थीहरूले यसै विश्वविद्यालय अन्तर्गतको कुनै अर्को वा सोही शैक्षिक कार्यक्रममा पुनः भर्ना लिएमा त्यस्ता विद्यार्थीहरूले समेत

नयाँ भर्ना भएका विद्यार्थी सरह रजिस्ट्रेशन फर्म (अनलाइन समेतमा) भर्नु पर्नेछ । त्यसरी Migration Certificate लिइसकेका विद्यार्थीहरूलाई नयाँ रजिस्ट्रेशन नम्बर कायम गरिनेछ ।

(ख) यस विश्वविद्यालयमा नाम–दर्ता (Registration) भई Migration Certificate नलिएका विद्यार्थीहरूले यसै विश्वविद्यालय अन्तर्गतको कुनै अर्को वा सोही शैक्षिक कार्यक्रममा पुनः भर्ना लिएमा आफ्नो रजिस्ट्रेशन नं. उल्लेख गरी रजिस्ट्रेशन फर्म (अनलाइन समेतमा) अनिवार्य भर्नु पर्नेछ तर रजिस्ट्रेशन शुल्क बुझाउनु पर्ने छैन । त्यसरी Migration Certificate नलिएका विद्यार्थीहरूको पुरानै रजिस्ट्रेशन नम्बर कायम गरिनेछ ।

तर यसरी पुरानो रजिस्ट्रेशन नम्बर कायम गर्नु पर्ने विद्यार्थीको रजिस्ट्रेशन फर्म तोकिएको समयमा प्राप्त नभए तथा/वा अनलाइन ईन्ट्री तोकिएको नियमित समयमा भएको नदेखिए नियमित रजिस्ट्रेशन शुल्क बाहेक विलम्ब शुल्क लगायतका नियमानुसार हुन आउने अन्य शुल्क बुझाउनु पर्नेछ ।

(४) <u>रजिस्ट्रेशन फर्ममा समावेश हुनु पर्ने शैक्षिक प्रमाणपत्रहरू</u> :–

<u>नोट</u>:– *सक्कलै पेश गर्नु पर्ने भनी तोकिएकोमा बाहेक तल उल्लेखित प्रमाणपत्रहरू प्रमाणित प्रतिलिपि मात्र पेश गर्नु पर्नेछ ।*

(क) <u>स्नातक तहका लागि पेश गर्नु पर्ने शैक्षिक प्रमाणपत्रहरू</u>:–

(१) एस.एल.सी./एस.ई.ई. वा सो सरहको उत्तीर्ण परीक्षाको मार्कशीट र चारित्रिक प्रमाणपत्र ।

(२) प्रमाणपत्र तह वा +२ वा सो सरहको उत्तीर्ण परीक्षाको ट्रान्स्कृप्ट, चारित्रिक प्रमाणपत्र र स्थायी वा अस्थायी (Original or Provisional) प्रमाणपत्र ।

(३) सक्कल माइग्रेशन प्रमाणपत्र । *(माथि नं. ३ (ख) को अवस्थामा बाहेक)*

*(पू.वि., परीक्षा सम्बन्धी विनियम– २०७० द्वारा थप)*

(ख) <u>स्नातकोत्तर तहका लागि पेश गर्नु पर्ने शैक्षिक प्रमाणपत्रहरू</u>:–

(१) माथि नं. (४) (क) को (१), (२) मा उल्लेखित प्रमाणपत्रहरू लगायत स्नातक तहको ट्रान्स्कृप्ट, चारित्रिक प्रमाणपत्र र स्थायी वा अस्थायी प्रमाणपत्र ।

(२) सक्कल माइग्रेशन प्रमाणपत्र । *(माथि नं. ३ (ख) को अवस्थामा बाहेक)*

*(पू.वि., परीक्षा सम्बन्धी विनियम– २०७० द्वारा थप)*

(ग) <u>एम.फिल. शैक्षिक कार्यक्रमका लागि पेश गर्नु पर्ने शैक्षिक प्रमाणपत्रहरू</u>:–

(१) माथि नं. (४) (क) को (१), (२) एवं (४) (ख) को (१) लगायत स्नातकोत्तर तहको ट्रान्स्कृप्ट, चारित्रिक प्रमाणपत्र र स्थायी वा अस्थायी प्रमाणपत्र ।

(२) सक्कल माइग्रेशन प्रमाणपत्र । *(माथि नं. ३ (ख) को अवस्थामा बाहेक)*

*(पू.वि., परीक्षा सम्बन्धी विनियम– २०७० द्वारा थप)*

(घ) <u>पीएच.डी. शैक्षिक कार्यक्रमका लागि पेश गर्नु पर्ने शैक्षिक प्रमाणपत्रहरू</u>:–

(१) माथि नं. (४) (क) को (१), (२) एवं (४) (ख) को (१) तथा (४) (ग) को (१) लगायत एम.फिल. तहको ट्रान्स्कृप्ट, चारित्रिक प्रमाणपत्र र स्थायी वा अस्थायी प्रमाणपत्र ।

(२) सक्कल माइग्रेशन प्रमाणपत्र । *(माथि नं. ३ (ख) को अवस्थामा बाहेक)*

*(पू.वि., परीक्षा सम्बन्धी विनियम– २०७० द्वारा थप)*

(च) <u>अन्य विविध कार्यक्रम(हरू)का लागि पाठ्यक्रममा उल्लेखित आवश्यक शैक्षिक तथा/वा अन्य प्रमाणपत्र(हरू)</u>:–

(१) EMBA शैक्षिक कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थी(हरू)का लागि सम्बन्धित पाठ्यक्रममा तोकिएको वा निर्णय अनुसारको कार्य अनुभवको प्रमाणपत्र ।

(२) MTS शैक्षिक कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थी(हरू)का लागि सम्बन्धित पाठ्यक्रममा तोकिएको वा निर्णय अनुसारको कार्य अनुभवको प्रमाणपत्र ।

(३) PGDCA शैक्षिक कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थी(हरू)का लागि सम्बन्धित पाठ्यक्रममा तोकिएको वा निर्णय अनुसारको मनोनयनको सिफारिस पत्र ।

(४) एक वर्षे बी. एड. शैक्षिक कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थी(हरू)को सन्दर्भमा माथि नं. (४) (क) को (१), (२) तथा (४) (ख) को (१), (२) मा उल्लेखित सम्पूर्ण प्रमाणपत्रहरू ।

(५) नेपाल सरकारबाट अधिकार प्राप्त निकायबाट मान्यता नपाएका कुनै स्वदेशी अथवा विदेशी विश्वविद्यालय वा बोर्ड वा संस्थाबाट उत्तीर्ण विद्यार्थी यस विश्वविद्यालय अन्तर्गत कुनै कार्यक्रममा भर्ना हुन आएमा सम्बन्धित आधिकारिक निकायबाट जारी गरिएको समकक्षताको प्रमाणपत्र समेत अनिवार्य पेश गर्नु पर्नेछ ।

नोटः- उपरोक्त आवश्यक सम्पूर्ण सक्कल तथा प्रतिलिपि प्रमाणपत्र(हरू) रजिस्ट्रेशन फर्म साथ प्राप्त हुनु पर्नेछ । कुनै कारणले रजिस्ट्रेशन फर्म साथ संलग्न गर्न नसकेमा प्रथम सेमेस्टर/वर्षको परीक्षा अगावै बाँकी रहेका सम्पूर्ण प्रमाणपत्रहरू एकैसाथ बुझाउनु पर्नेछ ।

(५) सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका लागि नियमित रजिस्ट्रेशन शुल्क देहाय बमोजिम हुनेछ :-

*(पू.वि. कार्यकारी परिषदको मिति २०७७/३/२५ को निर्णय नं. ५१०० को सि.नं. ५४ तथा ५५ अनुसार संशोधित)*

| | |
|---|---|
| स्वदेशी विश्वविद्यालय वा बोर्डबाट अघिल्लो तह उत्तीर्ण गर्ने विद्यार्थी | रू. १५००/- |
| विदेशी विश्वविद्यालय वा बोर्डबाट अघिल्लो तह उत्तीर्ण गर्ने विद्यार्थी | रू. २५००/- |

नोटः- एम.फिल. एवं पीएच.डी. शैक्षिक कार्यक्रमहरूका लागि विश्वविद्यालयले तोके अनुसारको रजिस्ट्रेशन शुल्क बुझाउनु पर्नेछ ।

(६) प्रवेश फारम शुल्क देहाय बमोजिम हुनेछ :-

*(पू.वि. कार्यकारी परिषदको मिति २०७७/३/२५ को निर्णय नं. ५१०० को सि.नं. २० अनुसार)*

विश्वविद्यालयबाट प्रवेश परीक्षा सञ्चालन नहुने सम्पूर्ण शैक्षिक कार्यक्रमको प्रवेश फारम शुल्क बापत प्रति विद्यार्थी रू. ५००/- लाग्नेछ ।

(बालेन्दु हमाल)
परीक्षा नियन्त्रक